## आयकर नियमावली, २०५९ मा संशोधन

| क्र.सं. | सम्बन्धित नियम/उपनियम | साविकको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १ | नियम १७ को उपनियम ३ | (३) ऐनको दफा ५१ को उपदफा (३) बमोजिम कर मिलान गर्न सकिने रकमको सीमा **सात सय पचास रुपैयाँ** हुनेछ। | (३) ऐनको दफा ५१ को उपदफा (३) बमोजिम कर मिलान गर्न सकिने रकमको सीमा **एक हजार पाँच सय रुपैयाँ** हुनेछ। |
| २ | नियम २१ | २१.अवकाश योगदानको सीमाः कुनै आय वर्षमा स्वीकृत अवकाश कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले अवकाश कोषमा अवकाश योगदान गर्दा **तीन लाख रुपैयाँ** वा निजको निर्धारणयोग्य आयको एकतिहाईमा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो करयोग्य आयबाट घटाउन सक्नेछ। | २१. अवकाश योगदानको सीमाः कुनै आय वर्षमा स्वीकृत अवकाश कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले अवकाश कोषमा अवकाश योगदान गर्दा **पाँच लाख रुपैयाँ** वा निजको निर्धारणयोग्य आयको एकतिहाईमा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो करयोग्य आयबाट घटाउन सक्नेछ। |
| ३ | नियम २१ को प्रतिबन्धात्मक वाक्यांश | तर योगदनमा आधारित सामाजिक सुरक्षा कोष ऐन, २०७४ बमोजिम स्थापना भएको सामाजिक सुरक्षा कोषमा योगदान गर्ने कोषको हिताधिकारी प्राकृतिक व्यक्तिले अवकाश कोषमा अवकाश योगदान गर्दा पाँच लाख रुपैयाँ वा निजको निर्धारणयोग्य आयको एक तिहाईमा जुन घटी हुन्छ सो रकमसम्म आफ्नो करयोग्य आयवाट घटाउन सक्नेछ। | हटाईएको। |
| ४ | नियम २४ पछि “२४क” थप | नभएको। | २४क. बैङ्क खाताको विवरण बुझाउनु पर्नेः करदाताले व्यवसायको नाममा खोलिएको बैङ्क खाताको विवरण विभागले निर्धारण गरे बमोजिम बुझाउनु पर्नेछ। |

# मूल्य अभिवृद्धि कर  नियमावली, २०५३ मा संशोधन

| क्र.सं. | सम्बन्धित नियम/उपनियम | साविकको व्यवस्था | संशोधित व्यवस्था |
|---|---|---|---|
| १ | नियम ६ को उपनियम (१) | (१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा **बीस लाख रूपैयाँ**सम्मको कारोबार गर्ने व्यक्तिले आफ्नो कारोबार दर्ता गराउन पर्ने छैन। यसरी कारोबार दर्ता गराउन नपर्ने व्यक्तिले आफ्नो कारोबार स्थलमा वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा **बीस लाख रूपैयाँ**सम्मको कारोबार मात्र भएकोले दर्ता हुनु नपर्ने भन्ने सूचना सबैले देख्ने गरी राख्नु पर्नेछ। | (१) नियम ३ मा जुनसुकै कुरा लेखिएको भए तापनि ऐनको दफा ९ मा उल्लेख भए बमोजिम विगत बाह्र महिनामा वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा **तीस लाख रूपैयाँ**सम्मको कारोबार गर्ने व्यक्तिले आफ्नो कारोबार दर्ता गराउन पर्ने छैन। यसरी कारोबार दर्ता गराउन नपर्ने व्यक्तिले आफ्नो कारोबार स्थलमा वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवाको हकमा **तीस लाख रूपैयाँ**सम्मको कारोबार मात्र भएकोले दर्ता हुनु नपर्ने भन्ने सूचना सबैले देख्ने गरी राख्नु पर्नेछ। |
| २ | नियम ७ को उपनियम (१) | (१) कुनै व्यक्तिको वार्षिक कारोबार वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवा व्यवसायको हकमा **बीस लाख रूपैयाँ** नाघ्ने अनुमान गर्न सक्ने अवस्था भएमा त्यस्तो अवस्था खुलाई अनुसूची–१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ। | (१) कुनै व्यक्तिको वार्षिक कारोबार वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवा व्यवसायको हकमा **तीस लाख रूपैयाँ** नाघ्ने अनुमान गर्न सक्ने अवस्था भएमा त्यस्तो अवस्था खुलाई अनुसूची–१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ। |

| | | | |
|---|---|---|---|
| ३ | नियम ७ को उपनियम (२) | (२) उपनियम (१) बमोजिम अनुमान गर्न सकिने अवस्था नभई कसैले गरेको कारोबारको रकम वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवा व्यवसायको हकमा **बीस लाख रूपैयाँ** नाघ्न गएमा त्यसरी नाघेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार गर्ने व्यक्तिले अनुसूची–१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ। | (२) उपनियम (१) बमोजिम अनुमान गर्न सकिने अवस्था नभई कसैले गरेको कारोबारको रकम वस्तु, ढुवानी साधन भाडा वा ढुवानी सेवाको हकमा पचास लाख रूपैयाँसम्म र वस्तु तथा सेवा मिश्रित कारोबार र सेवा व्यवसायको हकमा **तीस लाख रूपैयाँ** नाघ्न गएमा त्यसरी नाघेको मितिले तीस दिनभित्र त्यस्तो कारोबार गर्ने व्यक्तिले अनुसूची–१ बमोजिमको ढाँचामा कारोबार दर्ता गर्नको लागि सम्बन्धित कर अधिकृत समक्ष दरखास्त दिनु पर्नेछ। |
| ४ | नियम १७ को उपनियम (१) | (१) दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची—५ र ५क. बमोजिमको ढाँचामा कर बीजक दिनु पर्नेछ। त्यसरी कर बीजक जारी गर्दा कुनै वस्तुको किसिम, **साइज**, मोडल र ब्राण्ड भएमा सो खुलाउनु पर्नेछ। | (१) दर्ता भएको व्यक्तिले कुनै वस्तु वा सेवा आपूर्ति गर्दा कर अधिकृतले अन्यथा स्वीकृत गरेदेखि बाहेक प्रापकलाई अनुसूची—५ र ५क. बमोजिमको ढाँचामा कर बीजक दिनु पर्नेछ। त्यसरी कर बीजक जारी गर्दा कुनै वस्तुको किसिम, **साइज, आयातित सामान भए भन्सार प्रज्ञापनपत्रमा उल्लेख भए बमोजिमको वस्तुको कम्तीमा सुरुको चार अङ्कको हार्मोनाईज्ड कोड,** मोडल र ब्राण्ड भएमा सो खुलाउनु पर्नेछ। |

| | | | |
|---|---|---|---|
| ५ | नियम ४५ को उपनियम (१) | (१) ऐनको दफा २४ को उपदफा (३) र (४), दफा २५, दफा २५ग१. वा दफा २५ग२. को प्रयोजनको लागि कर फिर्ता दिँदा कर अधिकृतले करदाताबाट फिर्ताका लागि पेश गरिएका **प्रमाणहरू** तुरुन्त छानबिन गरी दर्ता भएको मितिले दफा २४ को उपदफा (३) वा दफा २५ग१. को हकमा साठी दिनभित्र र दफा २४ को उपदफा (४), दफा २५ वा दफा २५ग२. को हकमा तीस दिनभित्र फिर्ता दिनु पर्नेछ। | (१) ऐनको दफा २४ को उपदफा (३) र (४), दफा २५, दफा २५ग१. वा दफा २५ग२. को प्रयोजनको लागि कर फिर्ता दिँदा कर अधिकृतले करदाताबाट फिर्ताका लागि पेश गरिएको **प्रमाण तथा कागजातको** तुरुन्त छानबिन गरी दर्ता भएको मितिले दफा २४ को उपदफा (३), दफा २५ग१. र **दफा २५ग२. को हकमा साठी दिनभित्र** र दफा २४ को उपदफा (४) तथा दफा २५ को हकमा तीस दिनभित्र फिर्ता दिनु पर्नेछ। |
| ६ | नियम ४५ को उपनियम (२) | (२) ऐनको दफा २४ को उपदफा (३), दफा २५, दफा २५ग१. वा दफा २५ग२. बमोजिम प्राप्त हुन आएको **प्रमाणहरू पुनः छानबिन** गर्नु पर्ने आवश्यकता भए सो अविलम्ब गरी पन्ध्र दिनभित्र फिर्ता दिनु पर्नेछ। फिर्ता दिँदा बीस हजार रुपैयाँभन्दा बढी भएमा निजको बैङ्क खातामा नै जम्मा हुने गरी भुक्तानी गर्नु पर्नेछ। | (२) ऐनको दफा २४ को उपदफा (३), दफा २५, दफा २५ग१. वा दफा २५ग२. बमोजिम प्राप्त हुन आएको **प्रमाण तथा कागजातहरु पुनः छानबिन** गर्नु पर्ने आवश्यकता भए सो अविलम्ब गरी पन्ध्र दिनभित्र फिर्ता दिनु पर्नेछ। फिर्ता दिँदा बीस हजार रुपैयाँभन्दा बढी भएमा निजको बैङ्क खातामा नै जम्मा हुने गरी भुक्तानी गर्नु पर्नेछ। |
| ७ | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा रहेका "निकासी" भन्ने शब्दहरु | मूल्य अभिवृद्धि कर नियमावली, २०५३ मा रहेका **"निकासी"** भन्ने शब्दहरुको सट्टामा **"निर्यात"** भन्ने शब्दहरु राखिएको। |
| ८ | अनुसूची-५, ५ख र ६ मा संशोधन | मूल नियमावलीको अनुसूची-५, ५ख र ६ मा संशोधन | मूल नियमावलीको अनुसूची-५, ५ख र ६ को सट्टा यसै साथ संलग्न अनुसूची-५, ५ख र ६ राखिएका छन। |

**अनुसूची-५**

(नियम १७ को उपनियम (१) सँग सम्बन्धित)

**कर बीजकको ढाँचा**

बीजक नम्बरः                                                                  कारोबार मितिः

बिक्रेताको करदाता दर्ता नम्बर                                                      बीजक जारी भएको मितिः

बिक्रेताको नामः

ठेगानाः

क्रेताको नामः

ठेगानाः

क्रेताको करदाता दर्ता नम्बरः

भुक्तानीको तरिकाः नगद/चेक/उधारो/अन्य

| सि.नं. | एच.एस. कोड | विवरण | परिमाण | प्रति इकाई मूल्य रु. | जम्मा मूल्य रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | ....... प्रतिशतले छुट | | |
| | | | कर लाग्ने मूल्य | | |
| | | | ....... प्रतिशतले कर | | |
| | | | जम्मा | | |

..................

बिक्रेताको सही

## अनुसूची-५ख.

(नियम १७ को उपनियम (१क) सँग सम्बन्धित)

## कर बीजकको ढाँचा

बीजक नम्बरः

बिक्रेताको नामः : | कारोबार मितिः

ठेगानाः | बीजक जारी गरेको मितिः

फोन नं. | इमेलः

फ्याक्स नं. : | वेबसाइटः

बिक्रेताको करदाता दर्ता नं. (PAN): | | | | | | | | | | | | |

क्रेताको नामः

ठेगानाः

क्रेताको करदाता दर्ता नम्बर (कर दर्ता नम्बर भएमा): | | | | | | | | | | |

भुक्तानीको तरिकाः नगद/चेक/उधारो

| सि.नं. | एच.एस. कोड | विवरण | परिमाण | प्रति इकाई अन्तिम उपभोक्ता मूल्य रु. | जम्मा मूल्य रु. |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | | |
| | | | जम्मा रकम | | |
| | | | मू.अ.कर...... प्रतिशत | | |
| | | | छुट | | |
| | | | खुद रकम | | |

..............................

बिक्रेताको सही

## अनुसूची-६

(नियम १८ को उपनियम (१) सँग सम्बन्धित)

**संक्षिप्त कर बीजकको ढाँचा**

बीजक नम्बरः मितिः

बिक्रेताको नामः

ठेगानाः

करदाता दर्ता नम्बर | | | | | | | | |

करको दर (प्रतिशत) :

| सि.नं. | एच.एस.कोड | विवरण | परिमाण | मूल्य प्रति ईकाई | जम्मा मूल्य |
|---|---|---|---|---|---|
| | | | | | |
| | | | | छुट | |
| | | | | जम्मा मूल्य | |

नोटः दश हजार रुपैयाँभन्दा बढी कर लाग्ने मूल्यको वस्तु वा सेवाको बिक्रीमा यो बीजक जारी गरिने छैन।

...................

बिक्रेताको सही